## *Keynote Speech*
## *on*
# *"Challenges to External Sector Stability"*
## *(बाह्य क्षेत्र स्थायित्वको चुनौती)*
## National Conference on Economic and Finance
**April 8, 2022**

---

**माननीय अर्थमन्त्री तथा यस उद्घाटन सत्रका प्रमुख अतिथिज्यू,**

**डेपुटी गभर्नरज्यूहरू,**

**कार्यपत्र प्रस्तोताहरू,**

**विभिन्न संघसंस्थाबाट पाल्नुभएका प्रतिनिधिज्यूहरू,**

**सञ्चारकर्मी तथा उपस्थित अन्य महानुभावहरू !**

**नमस्कार !**

१. सर्वप्रथम म यस सम्मेलनको उद्घाटन सत्रमा नेपाल राष्ट्र बैंक तथा मेरो व्यक्तिगततर्फबाट प्रमुख अतिथिज्यूसहित सम्पूर्णमा हार्दिक स्वागत गर्न चाहन्छु तथा यहाँहरूको महत्वपूर्ण समयका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

२. **कोभिड संक्रमण तथा सोको व्यवस्थापनको लागि लागू गरिएका मापदण्डका कारण प्रभावित हाम्रा आर्थिक गतिविधिहरू केही महिनायता सक्रिय रूपमा अघि बढिरहेका छन्** । तथापि पछिल्लो समयमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिले मूल्यवृद्धिमा चाप पर्ने अवस्था रहेको छ भने आयातमा भएको उच्च वृद्धि तथा विदेशी मुद्रा आप्रवाहका स्रोतहरूको सीमितताले गर्दा बाह्य क्षेत्रमा दबाब सिर्जना गरेको छ, फलस्वरूप बैंकिङ क्षेत्रमा लगानीयोग्य रकममा कमी हुन गई ब्याजदर बढ्दै गइरहेको अवस्था छ ।

३. **आजको यस उद्घाटन सत्रमा म नेपालको बाह्य क्षेत्रको पछिल्लो स्थिति, यस क्षेत्रमा देखा परेका चुनौतीहरू र सोको व्यवस्थापनको लागि नेपाल सरकार तथा राष्ट्र बैंकले लिएका नीतिगत उपाय तथा आगामी कार्यदिशाका बारेमा आफ्नो विचार राख्न चाहन्छु** ।

## बाह्य क्षेत्र स्थायित्व

४. **कुनै पनि मुलुकको बृहत् आर्थिक लक्ष्यहरूमध्ये आर्थिक स्थायित्व एक प्रमुख लक्ष्यको रूपमा रहने गर्दछ ।** आर्थिक स्थायित्वअन्तर्गत **मूल्य स्थायित्व, बाह्य क्षेत्र स्थायित्व र वित्तीय क्षेत्र स्थायित्व** पर्ने गर्दछन् । यस्तो स्थायित्व कायम गर्ने मुख्य जिम्मेवारी सामान्यतः केन्द्रीय बैंकलाई दिइएको हुन्छ र सरकारको वित्त नीति तथा केन्द्रीय बैंकको मौद्रिक नीतिले समग्र आर्थिक स्थायित्व कायम गर्नमा एक अर्काको परिपूरक नीतिको रूपमा काम गर्ने गर्दछन् ।

५. **बाह्य क्षेत्र स्थायित्व भन्नाले बाह्य मुलुकसँगको व्यापार तथा अन्य वित्तीय कारोबारमा आउने उतारचढावहरू कम भएको अवस्था हो अर्थात् बाह्य क्षेत्रका सूचकहरू जस्तै, विनिमय दर, शोधनान्तर घाटा र विदेशी विनिमय सञ्चिति सन्तुलित अवस्थामा रहनु हो** । बाह्य क्षेत्रसँगको कारोबार धेरै घाटामा भएमा मुलुकमा विदेशी विनिमय सञ्चितिको अभाव भई बाह्य क्षेत्र स्थायित्वमा समस्या देखा पर्नसक्ने हुन्छ र यसको प्रभाव आन्तरिक अर्थतन्त्रमा पर्दछ । नेपालको सन्दर्भमा बाह्य क्षेत्रसँगको सन्तुलन कायम गर्नका लागि नेपाल राष्ट्र बैंकले विनिमय दर तथा बाह्य सञ्चिति व्यवस्थापन गर्ने गर्दछ ।

६. **खासगरी पछिल्ला केही महिनामा नेपालको बाह्य क्षेत्रमा दबाबको स्थिति देखा परेको छ ।** मुलुकमा कोभिडको प्रभाव कम भएसँगै भएको **कर्जा विस्तार, बढ्दो आयात तथा पर्यटनजन्य आम्दानीमा आएको कमीका कारण** चालु खाता तथा शोधनान्तर स्थिति यस आ.व.को सुरुआतदेखि नै निरन्तर घाटामा रहेको अवस्था छ । यस्तो अवस्थामा बाह्य क्षेत्र व्यवस्थापन हामी सबैका लागि चुनौतीपूर्ण बन्दै गएको छ ।

## कोभिड-१९ तथा बाह्य क्षेत्र स्थिति

७. **हाल देखिएको चुनौतीपूर्ण बाह्य क्षेत्रको पृष्ठभूमिका रूपमा हामीले कोभिडपूर्वको अवस्था सम्झिनुपर्ने हुन्छ।** सन् २०२० मा कोभिड-१९ का कारण विश्वभर नै बाह्य व्यापार तथा विप्रेषण प्रवाह प्रभावित भयो। सन् २०२० मा विश्व व्यापार आयतन ८.२ प्रतिशतले खुम्चिएकोमा सन् २०२१ मा ९.३ प्रतिशतले विस्तार भएको अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान रहेको छ।

८. **सन् २०२१ मा विश्व अर्थतन्त्रमा आएको सुधारसँगै आयात व्यापारमा वृद्धि हुन गयो तथापि निर्यात व्यापार तथा विप्रेषण आप्रवाहमा भने धेरैजसो मुलुकमा उल्लेखनीय सुधार आउन सकेन।** फलस्वरूप, ती मुलुकको चालु खातामा दबाब सिर्जना हुन गयो। अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२० मा चालु खाता घाटा र जीडीपी अनुपात पाँच प्रतिशतभन्दा बढीले ऋणात्मक हुने मुलुकको संख्या ५७ रहेकोमा सन् २०२१ मा यस्तो संख्या ६४ पुग्न गयो। सन् २०२२ मा त्यस्ता मुलुकको संख्या ६७ पुग्ने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषको रहेको छ।

९. नेपालमा समेत आर्थिक वर्ष २०७६।७७ मा व्यापार आयतनमा १४.६ प्रतिशतले कमी आएकोमा आर्थिक वर्ष २०७७।७८ मा आयातमा भएको उच्च विस्तारका कारण कुल वस्तु व्यापार २९.९ प्रतिशतले वृद्धि भयो। फलस्वरूप चालु खाता घाटा २०७६।७७ को करिब रु.३४ अर्बबाट वृद्धि भई रु.३३४ अर्ब पुग्न गयो भने शोधनान्तर बचत रु.२८२ अर्बबाट रु.एक अर्बमा सीमित हुन पुग्यो।

## बाह्य क्षेत्रको प्रवृत्ति तथा वर्तमान अवस्था

१०. **नेपालमा बाह्य क्षेत्रको प्रवृत्ति केलाउँदा विगत साढे चार दशकदेखि नै बाह्य व्यापार घाटामा रहको पाइन्छ। उक्त घाटामा केही अपवाद वर्षबाहेक लगातार वृद्धि भए तापनि समग्र बाह्य क्षेत्रको स्थिति भने धेरैजसो वर्ष बचतमा रहने गरेको छ।** वि.सं. २०४० तथा ५० को दशकमा हामीले अधिकांश वर्ष चालु खाता घाटा व्यहोर्नु परे तापनि २०५८ यताका अधिकांश वर्षमा चालु खाता

बचतमा रहेको पाइन्छ । तर, आर्थिक वर्ष २०७३।७४ देखि भने चालु खाता लगातार घाटामा रहेको छ । शोधनान्तर स्थिति भने वि.सं. २०५८ पछि **जम्मा तीन वर्ष मात्र घाटामा** रहेको छ । यस्तो सुधारका पछाडि विप्रेषण आप्रवाहले मुख्य भूमिका खेल्दै आएको छ ।

११. **आर्थिक वर्ष २०७६।७७ मा कोभिड संक्रमणका कारण आयातका उल्लेख्य कमी आएको, विप्रेषण आप्रवाह सीमान्त रूपमा मात्र घटेको र सरकारको बाह्य ऋण तथा सहायता परिचालन उल्लेख्य रहेको कारण बाह्य क्षेत्रमा अपेक्षित रूपमा नकारात्मक असर परेन** । उक्त वर्षमा चालु खाता घाटा अघिल्लो आर्थिक वर्षको करिब रु.२६४ अर्बको तुलनामा उल्लेख्य रूपमा घटी करिब रु.३४ अर्बमा मात्र सीमित हुन पुग्यो भने शोधनान्तर स्थिति पनि अघिल्लो वर्षको करिब रु.६७ अर्ब घाटाको अवस्थाबाट रु.२८२ अर्ब बचत हुन पुग्यो ।

१२. **कोरोनाको असर कम भएसँगै आर्थिक गतिविधि विस्तार भई स्वभवत: २०७७।७८ मा भने नेपालको बाह्य क्षेत्रमा दबाब सिर्जना हुन सुरु भयो** । उक्त आर्थिक वर्षको पहिलो चार महिनामा चालु खाता बचतमा रहे तापनि पाँचौं महिनादेखि भने चालु खाता घाटामा रहन गयो । उक्त घाटामा लगातार वृद्धि भई आर्थिक वर्षको अन्तमा रु.३३३ अर्ब पुग्यो । शोधनान्तर स्थिति भने गत आर्थिक वर्षमा रु.एक अर्बले मात्र बचतमा रहन गएको थियो ।

१३. **चालु आर्थिक वर्षको सुरुआतदेखि नै चालु खाता घाटा तथा शोधनान्तर स्थिति दुवै दबाबमा रहेको अवस्था छ ।** यस आर्थिक वर्षको पहिलो **आठ महिनामा कुल वस्तु निर्यातमा ८२.९ प्रतिशतले वृद्धि भई रु.१४७ अर्ब ७५ करोड** पुगेको छ भने **कुल वस्तु आयात ३८.६ प्रतिशतले वृद्धि भई रु.१,३०८ अर्ब ७३ करोड** पुगेको छ । तथापि निर्यातको आधार साँघुरो भएका कारण यस अवधिमा **निर्यातमा जम्मा रु.६७ अर्बले मात्र वृद्धि भएकोमा आयात रु.३६५ अर्बले विस्तार भई व्यापार घाटा करिब रु.२९८ अर्बले वृद्धि भएको** छ ।

१४. **२०७८ साउनदेखि सुरु भएको विप्रेषण घट्ने प्रवृत्ति माघसम्म पनि जारी रह्यो** । उक्त अवधिमा विप्रेषण आप्रवाहमा ४.९ प्रतिशतले कमी आई रु.५४० अर्ब १२ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १०.९ प्रतिशतले बढेको थियो । २०७८ फागुनमा भने विप्रेषण आप्रवाहमा सुधार भएको देखिन्छ ।

१५. बढ्दो आयात तथा सीमित विदेशी मुद्रा आप्रवाहका कारण चालु खाता घाटा विस्तार हुँदै गएको छ । चालु आर्थिक वर्षको **पहिलो सात महिनामा चालु खाता रु.४१३ अर्ब ८६ करोडले घाटामा** रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा रु.१०४ अर्ब ३९ करोड रहेको थियो । त्यसै गरी, अघिल्लो वर्षको सात महिनामा रु.९७ अर्ब ३६ करोडले बचतमा रहेको शोधनान्तर स्थिति चालु आर्थिक वर्षको सोही अवधिमा रु.२४७ अर्ब ३ करोडले घाटामा रहेको छ ।

१६. **शोधनान्तर घाटा बढ्दै गएको कारण विदेशी विनिमय सञ्चिति पनि घट्दै गएको छ** । बैंकिङ प्रणालीमा रहेको विदेशी विनिमय सञ्चिति विगत सात महिनामा करिब रु.२२६ अर्बले घटेको छ । हाल कायम  सञ्चिति ७.४ महिनाको वस्तु आयात र ६.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । पर्यटन क्षेत्र सुधार हुन बाँकी रहेकोले विदेशी मुद्रा आर्जनका भरपर्दो स्रोत विकास हुन सकिरहेको छैन ।

## बाह्य क्षेत्र सुधारका लागि अवलम्बन गरिएका उपायहरू

१७. अब म बाह्य क्षेत्रको अवस्थालाई मध्यनजर राखी बाह्य क्षेत्र सुधार तथा स्थायित्वका लागि नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले अवलम्वन गरेका केही प्रमुख नीतिगत उपायहरूतर्फ ध्यानाकर्षण गर्न चाहन्छु ।

१८. **बाह्य क्षेत्रमा उत्पन्न दबाब व्यवस्थापनका लागि नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले विभिन्न नीतिगत उपायहरू अवलम्बन गरेको छ ।** पछिल्लो समय नेपाल राष्ट्र बैंकले तोकिएका वस्तुहरूको आयात निरुत्साहित गर्नका लागि आयातमा

नगद मार्जिनको व्यवस्था गरेको छ । त्यसै गरी, कम उत्पादनशील क्षेत्रतर्फ प्रवाह हुनसक्ने तथा आयातलाई प्रोत्साहन गर्नसक्ने कर्जाहरू जस्तै; अधिविकर्ष कर्जा, व्यक्तिगत टर्म कर्जा, मार्जिन कर्जा आदिलाई निरुत्साहित गर्ने नीति लिइएको छ ।

१९. **त्यसै गरी समग्र आयात माग व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकले ब्याजदर सिग्नलका रूपमा बैंक दर तथा नीतिगत दरमा वृद्धि गरेको छ ।** यसबाट बैंकिङ प्रणालीबाट तीव्र रूपमा प्रवाह भइहेको कर्जाको वृद्धिदरमा केही कमी आई बाह्य क्षेत्र व्यवस्थापन सहज हुने अपेक्षा गरिएको छ । साथै सुन चाँदी जस्ता वस्तुको आयात व्यवस्थापन गर्नका लागि **सुन आयातको दैनिक कोटा २० किलोग्रामबाट १० किलोग्राम कायम गरिएको छ भने चाँदी आयातको लागि उपलब्ध हुने विदेशी मुद्राको सीमा घटाइएको छ** ।

२०. **विप्रेषण आप्रवाहलाई प्रोत्साहन गर्नका लागि विप्रेषणबाट प्राप्त निक्षेपमा एक प्रतिशत बिन्दुले थप ब्याज दिनुपर्ने व्यवस्था गरिएको छ भने संस्थागत विदेशी निक्षेपकर्ता तथा गैरआवासीय नेपालीबाट स्थानीय बैंकहरूमा सहज रूपमा खाता खोली न्यूनतम रकम अमेरिकी डलर १००० मा नै निक्षेप सङ्कलन गर्न सकिने व्यवस्था गरिएको छ** । यसबाट विप्रेषण तथा विदेशी मुद्रा निक्षेपमा सुधार आउने अपेक्षा गरिएको छ ।

२१. **त्यसै गरी नेपाल सरकारका तर्फबाट वैदेशिक सहायता परिचालन तथा आयात व्यवस्थापनका सन्दर्भमा महत्वपूर्ण प्रयासहरू भएका छन् ।** भर्खरै अन्तर्राष्ट्रिय मुद्रा कोषबाट Enhanced Credit Facility (ECF) अन्तर्गत ३९५.९ मिलियन यूएस डलर, करिब रु.४७ अर्ब बराबरको शून्य ब्याजदरको ऋण स्वीकृत भई पहिलो किस्ताको करिब रु.१३ अर्ब ८ करोड प्राप्त भएको छ । यसका साथै विभिन्न दातृ निकायहरूबाट प्राप्त हुने ऋण तथा सहयोगमा वृद्धि हुँदै गइरहेको छ ।

## परिदृश्य

२२. **बाह्य क्षेत्र व्यवस्थापनका लागि अवलम्बन गरिएका विभिन्न नीतिगत प्रयासको परिणामस्वरूप बाह्य क्षेत्रको अवस्था सुधारोन्मुख रहेको छ र निकट भविष्यमा**

**यस क्षेत्रमा देखिएको दबाबमा थप सुधार आउने हाम्रो अनुमान रहेको छ ।** पछिल्लो समय नेपालको बाह्य रोजगारीमा भएको उल्लेख्य वृद्धिले विप्रेषण आप्रवाहमा सुधार भई चालु खाता तथा शोधनान्तर अवस्था सुधार हुने देखिन्छ । यसका साथै पर्यटक आगमनमा भइरहेको सुधार तथा प्रत्यक्ष वैदेशिक लगानीमा भइहेको वृद्धिबाट बाह्य क्षेत्र स्थायित्व कायम गर्न सहयोग पुग्ने देखिन्छ ।

२३. **तथापि अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएको रुस-युक्रेन सम्बन्धमा सुधार आउन धेरै समय लागेमा मूल्यमा परेको दबाब केही थप समयसम्म पर्ने जोखिम रहेको छ ।** साथै कुल आयातमा करिब ३५ प्रतिशत हिस्सा रहेको उपभोग्य वस्तुहरूको आयात प्रतिस्थापन गर्न नसकिएको अवस्थामा आगामी दिनमा समेत बाह्य क्षेत्र स्थायित्वको जोखिम भने कायमै रहने देखिन्छ । दीर्घकालीन रूपमा आयात प्रतिस्थापन गर्दै नेपालको निर्यात क्षमता बढाउनतर्फ लाग्नुपर्ने आवश्यकता छ ।

## आगामी कार्यदिशा

२४. **बाह्य क्षेत्र व्यवस्थापनमा देखिएका चुनौतीहरूको समाधान गर्न तपाईं हामी सबैको साझा प्रयास जरुरी छ ।** बाह्य क्षेत्र दबाब समयमै व्यवस्थापन नगर्नुको असर के हुन सक्छ भन्ने पाठ हामीले पाकिस्तान र टर्कीको सङ्कट तथा भर्खरैको श्रीलङ्काको स्थितिबाट पनि सिक्न सक्छौं । विदेशी मुद्रा आर्जनको स्रोत सीमित र साँघुरो रहेको सानो र खुला अर्थतन्त्र भएको देशमा पर्याप्त विदेशी मुद्रा सञ्चिति कायम राख्नु पर्ने बाध्यता हुन्छ । तसर्थ बाह्य क्षेत्र समस्याले समग्र अर्थतन्त्र तथा यसका विभिन्न परिसूचकहरूमा पार्नसक्ने प्रभावलाई मनन गर्दै यसतर्फ सबैले सोच्न जरुरी रहेको छ । अत्यधिक आयातमुखी भइरहेको हाम्रो अर्थतन्त्रलाई उत्पादनमुखी बनाई निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनको दिशामा नलैजाने हो भने कुनै पनि समय बाह्य स्थायित्वमा जोखिम पर्न सक्ने हुँदा यसको व्यवस्थापन चुनौतीपूर्ण रहिरहने देखिन्छ ।

२५. **बाह्य क्षेत्रको असन्तुलनले गर्दा अहिले ब्याजदर वृद्धि र पर्याप्त कर्जाको अभाव व्यहोरिरहनु परेको स्थिति छ ।** बाह्य असन्तुलन थप बिग्रिएमा अर्थतन्त्रमा विभिन्न समस्याहरू सिर्जना हुन सक्ने हुनाले आयात र यसतर्फ प्रवाहित कर्जामा कमी ल्याउन सबै सरोकारवालाको सहयोगको खाँचो छ । बाह्य क्षेत्र सन्तुलनमा जान थालेपछि अहिलेको अवस्थामा क्रमशः सुधार हुँदै जानेछ । **तसर्थ, आन्तरिक उत्पादन वृद्धि, निर्यात प्रवर्धन, विप्रेषण आप्रवाह, वैदेशिक लगानी र वैदेशिक सहयोगको आप्रवाह बढाउन सबैले ध्यान दिनुपर्ने समय आएको छ ।**

२६. नेपाल राष्ट्र बैंक ऐनले मूल्य स्थायित्व र बाह्य क्षेत्र स्थायित्व कायम गर्ने जिम्मेवारी दिएको सन्दर्भमा नेपाल राष्ट्र बैंकले निरन्तर रूपमा बाह्य क्षेत्रको स्थिति अनुगमन गरिरहेको तथा आवश्यक परेमा बाह्य क्षेत्र स्थायित्वका लागि थप नीतिगत उपायहरू कार्यान्वयनमा ल्याउने विश्वाससमेत म यहाँहरूलाई दिलाउन चाहन्छु ।

२७. **अन्त्यमा यस उद्घाटन सत्रमा आफ्नो अति व्यस्त समयका बाबजुद् माननीय अर्थमन्त्रीज्यूले प्रमुख अतिथिको रूपमा उपस्थित भई दिनुभएकोमा हार्दिक आभार व्यक्त गर्दछु । साथै, समस्त कार्यपत्र प्रस्तोता तथा सहभागीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । सम्मेलन अवधिभरका छलफलमा यहाँहरूको सक्रिय सहभागिताको समेत अपेक्षा गर्दै सम्मेलनको पूर्ण सफलताको कामना समेत गर्दछु ।**

**धन्यवाद !**

महा प्रसाद अधिकारी
गभर्नर